नेपाल सरकार

# सहरी विकास मन्त्रालय

कर्मचारी प्रशासन शाखा

पत्र संख्याः- क.प्र.१.२-०७४/७५ २४१
चलानी नं.:- ४६४

सिंहदरबार,
मिति २०७४।०७।०५
काठमाडौं, नेपाल ।

विषयः परिपत्र सम्बन्धमा ।

श्री प्रशासन
ई. ५८।३०
४६

श्री सहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल ।
श्री काठमाडौं उपत्यका विकास प्राधिकरण, अनामनगर ।
श्री सिंहदरवार सचिवालय पुनर्निर्माण समिति, सिंहदरवार ।
श्री संयुक्त राष्ट्र संघ पार्क विकास समिति, काठमाडौं ।
श्री अधिकार सम्पन्न वाग्मती सभ्यता एकिकृत विकास समिति, गुह्येश्वरी ।
श्री अन्तर्राष्ट्रिय सभा सम्मेलन केन्द्र, नयाँ वानेश्वर ।
श्री आवास वस्ती विकास सार्वजनिक भवन तथा सहरी पूर्वाधार पुनर्निर्माण केन्द्रिय आयोजना कार्यान्वयन इकाई (CLPIU), बबरमहल ।

सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं. ११० मिति २०७४।०६।२६ को पत्रको प्रतिलिपि यसै साथ संलग्न छ । उक्त पत्रानुसार तहाँ अन्तर्गत निकायहरुमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको संलग्न निर्दिष्ट ढाँचा अनुसारको विवरण संकलन गरी पठाईदिनु हुन आदेशानुसार अनुरोध छ ।

(विष्णु श्रेष्ठ)
शाखा अधिकृत

नेपाल सरकार
सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

प.सं. ०७४/७५

चलानी संख्या ११०

मितिः- २०७४/०६/२६

विषयः विवरण सम्वन्धमा ।

प्रिय सहकारीज्यू,

प्रस्तुत विषयमा संघ, प्रदेश वा स्थानीय तहमा कर्मचारी समायोजन गर्ने प्रयोजनका लागि निजामती सेवा ऐन, २०४९ र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को व्यवस्था अनुसार नियुक्ति भई कार्यरत सम्पूर्ण कर्मचारीहरुको लगत तयार गरी कार्य प्रारम्भ भैसकेको छ । समयमा कर्मचारीको दुरुस्त र अध्यावधिक विवरण प्राप्त हुन नआएमा कर्मचारी समायोजन र प्रशासनिक पुन:संरचनाको कार्यमा गम्भीर कठिनाइ पर्न जाने हुँदा यो पत्राचार गर्ने कार्य भएको छ । यसर्थ तहाँ मन्त्रालय/आयोग/सचिवालय वा अन्तर्गत निकायहरुमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको संलग्न निर्दिष्ट ढाँचा अनुसारको दुरुस्त र अध्यावधिक विवरण १५ (पन्ध्र) दिन भित्र यस मन्त्रालयमा पठाउने व्यवस्था हुन अनुरोध गर्दछु । साथै सो विवरण excel sheet मा info@moga.gov.np मा इमेल मार्फत समेत पठाउने व्यवस्था हुन अनुरोध गर्दछु।

श्री सचिवज्यू,
सहरी विकास........ मन्त्रालय/ आयोग / सचिवालय

(मोहनकृष्ण सापकोटा)
सचिव

अवगातार्थ
श्रीमान मुख्यसचिवज्यू प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार, काठमाडौं ।